**Bharatpur Pragya : Journal of Multidisciplinary Studies**
ISSN : 2990-773X (Print); ISSN : 2990-7748 (Online)
Published by Bharatpur Academy, Chitwan, Nepal
https://www.bharatpurmun.gov.np

# दरौँदीक्षेत्रको गण्डकी सभ्यतागत महत्त्व

**हिरालाल कर्ण**
*सू.स.मो.या.ब. क्याम्पस, सिरहा*

***Article History :*** *Received : 19th, Feb. 2026; Reviewed : 17th May, 2026; Accepted : 3rd June 2026*
***Corresponding Author :*** *Hiralal Karna* ***E-mail :*** *hiralalkarn2@gmail.com*
***DOI :*** *https://doi.org/10.3126/bpjms.v4i01.95898*

**सारसङ्क्षेप**

*नेपालको इतिहासमा छुट्टै महत्त्व बोकेको गण्डकी सभ्यताको दरौँदीक्षेत्रतर्फ इतिहासकारहरूले ध्यान नदिँदा ओझेलमा पर्न गएको छ । महाभारत पुराणहरूमा दरद देशको वर्णन गरिनुका साथै पूर्वमध्यकालका मुद्रा र ताम्रपत्रहरूसमेत पाइएका यस दरौँदीगण्डकी देशको इतिहास ओझेलमा पर्न जाँदा यस क्षेत्रका बासिन्दाहरूमाझ पहिचानको समस्या सृजना हुन गएको देखिन्छ । खासगरी यस भेगका दुरा जातिको वास्तविक इतिहास ओझेलमा पर्न गएको छ । पुराणहरूमा प्राचीन पर्वतीय लडाकु जातिका रूपमा वर्णन गरिएका प्राचीन दरद (हालको दुरा) जाति लोपोन्मुख अवस्थामा पुग्न गएको छ । यस अध्ययनमा ईशाको नवौं शताब्दीका अन्तदेखि एघारौं शताब्दीका प्रारम्भसम्म अस्तित्वमा रहेका दरदगण्डकी देशको इतिहासमाथि प्रकाश पारिएको छ । चम्पारणको बगहाबाट पाइएको ताम्रपत्र र लखनउ संग्रहालयमा रहेको ताम्रपत्रको आधारमा यस दरौंदीगण्डकी देशमा ८७० ई. देखि १०२६ ई. सम्म सूर्यवंशी राजा मलयकेतुका वंशजहरूको शासन रहेको थियो । यस वंशका अन्तिम राजा सूर्यादित्यपछि सावर्णी वंशका भुवनपालदेवले आफ्नो अधिकार कायम गरेपछि क्रमशः उनका छोरा विक्रमपाल र कीर्तिपालदेवले राज्य गरेका थिए । राजा कीर्तिपालको समयमा गोविन्दचन्द्रले कीर्तिपाललाई पराजित गरेपछि यस देशको स्वतन्त्रता समाप्त हुन गएको थियो । यस अध्ययनका लागि पौराणिक ग्रन्थहरूका साथै पुरातात्विक अभिलेखहरूको अध्ययन गरी तथ्याङ्क संकलन गरिएको छ । समयसमयमा विभिन्न विद्वानहरूले प्रकाशित गरेका शोधपुर्ण लेखरचनाहरू र सम्बन्धित ऐतिहासिक ग्रन्थहरूसित तथ्य र घटनाहरूको तुलना गरी वर्णनात्मक विधिद्वारा तथ्याङ्क विश्लेषण गरिएको छ । यस अध्ययनले दरौँदीगण्डकी सभ्यताको इतिहासलाई प्रकाशमा ल्याई नेपालको इतिहासमा दरद (दुरा) जाति, दरद (दरौँदी) नदी र दरद देशको वास्तविक पहिचान कायम गर्नमा सहयोग गर्नेछ ।*

**शब्दकुञ्जी**: *दरदगण्डकी, दरदजाति, सूर्यादित्य, कीर्तिपाल, गण्डकीसभ्यता ।*

**विषयप्रवेश**

एघारौँ शताब्दीका दुईवटा अभिलेखहरू चम्पारणबाट पाइएका छन् । उक्त अभिलेखबाट त्यसबेलाको शासन प्रणालीमाथि केहि प्रकाश पर्दछ । गोरखपुरदेखि चम्पारणसम्मको क्षेत्रलाई दरदगण्डकी देश भनिन्थ्यो र प्रशासनिक इकाइको हिसाबले दरदगण्डकी मण्डल । त्यस देश अन्तर्गत बयालिसी विषय (बयालिस वटा गाउँहरू) थिए । यस अभिलेखबाट यो स्पष्ट हुन्छ की बिषयलाई मण्डलको एक सानो अंग मानिएको छ । चम्पारणबाट पाइएका यी दुवै अभिलेखहरू कर्णाटवंशको शासनभन्दा पहिलेका हुन् । प्रतिहारहरूको सत्ता कमजोर भएपछि सम्भवतः यिनीहरूले यस क्षेत्रमा आफ्नो सत्ता स्थापित गरेका हुनसक्छन् (चौधरी, सन् २०१०, पृ. १६३) । चौधरीले उल्लेख गरेका यी दुईवटै अभिलेखहरूको खोजी गर्दा भारतीय

*Copyright 2026© the Author(s)*

पुरातत्व विभागबाट प्रकाशित एपिग्राफिका इण्डिकाको सन् १९०२-०३ को सातौँ अङ्कमा त्यस देशका अन्तिम राजा कीर्तिपालको सन् ११११ को ताम्रपत्र एफ. कीलहार्नले प्रकाशित गरेको पाइयो। त्यसैगरी सोही एपिग्राफिका इण्डिकाको सन् १९६३-६४ को पैँतिसौँ अङ्कमा डी.सी. सरकारले दरदगण्डकी देशका राजा सूर्यादित्यको सन् १०२० र १०२६ को दुईवटा ताम्रपत्रहरू प्रकाशित गरेको देखियो।

यसप्रकार कीलहा'र्न, डी.सी. सरकार र चौधरीले उल्लेख गरेका दरद (दरौँदी) गण्डकी देशको खोजी गर्दा यो नाम दरद (दरौँदी) नदी र गण्डकी नदीको प्रस्रवण क्षेत्रभित्र रहेको कुरा प्रस्ट हुन्छ। जस्तो की चौधरीले उल्लेख गरेका चम्पारण र गोरखपुर दुईवटै ठाउँहरूको भौगोलिक अवस्थिति हेर्दा यी दुवै स्थलहरू गण्डकी नदीको पुर्व र पश्चिम किनारमा अवस्थित रहेको देखिन्छ। यो त गण्डकी नामबाट प्रस्ट हुन्छ। तर दरद शब्दको खोजी गर्दा बगहा ताम्रपत्रको नाउँले विकिपिडियामा राखिएको सो ताम्रपत्र प्राप्तिस्थानको भौगोलिक विवरणमा यसप्रकारको परिचय दिइएको छ। यस ताम्रपत्र अभिलेखबाट ज्ञात हुन्छ की दशौँ शताब्दीमा यो क्षेत्र दर्द-गण्डकी मण्डल अन्तर्गत थियो। 'दर्द' शब्दको संस्कृत अर्थ 'पर्वत' हुन्छ। वर्तमान समयमा बगहाको यो क्षेत्र हिमालयको तराई भूभागमा गण्डकी नदीको किनारमा रहेको छ। अतः दशौँ शताब्दीमा यस क्षेत्रलाई दर्द-गण्डकी मण्डल नाउँले चिनिन्थ्यो (www.wikipedia. com)। तर हिमालयको तलहट्टीमा हुनासाथ दरद शब्दलाई पर्वतको रूपमा अर्थ्याउनु उपयुक्त देखिँदैन। फेरी यहाँ विकिपिडियामा लेखिएको जस्तो दर्द-गण्डकी मण्डल नभई ताम्रपत्रमा स्पष्ट रूपमा देवनागरी लिपिमा विक्रम सम्वतको प्रयोग गरी दरदगण्डकी देश लेखिएको छ। अतः यस दरद शब्दको खोजी गर्दा संस्कृत भाषाको यो नाम शब्द मगर भाषाको दरौँदी नदीको संस्कृत नाम दरद रहेको देखिन्छ। जस्तो की इतिहासविद महेशराज पन्तले आफ्नो "कालीगण्डकीले हजारौँ वर्षदेखि सभ्यता बचाएको छ" शीर्षकको लेखमा लेख्नुहुन्छ, "मगर भाषामा खोलाको पछाडी 'दी' अक्षर आउँछ। जस्तैः तादी, मादी, आदि नदीका नामहरू भएकाले 'गन्दी' नामबाट संस्कृतमा गण्डकी बनेको अर्थ लगाउन सकिन्छ" (अनलाइन खबर, सन् २०२१, जुलाई ०६)। यसप्रकार उनले संस्कृत नाम शब्द गण्डकीको मगर रूप खोज्ने क्रममा मगर भाषामा खोलाको पछाडी 'दी' अक्षर जोडीने कुरा प्रस्ट पार्नु भएको छ। यसरी संस्कृत भाषाको नाम शब्द 'दरद' को मगर रूप 'दरौँदी' रहेको कुरा प्रस्ट हुन्छ। दरौँदी गण्डकीको यस प्रस्रवण क्षेत्रमा मगरहरूको मूल बसोबास स्थल देखिएकोले दशौँ शताब्दीमा दरद नामले प्रसिद्ध यस नदीको पछिल्लो प्रचलित नाम दरौँदी हो। यस दरौँदी वा दरद नदी र गण्डकी नदीको नामबाट यस देशको नाम दरदगण्डकी देश रहन गएको कुरा प्रमाणित हुन्छ। यो दरौँदी नदी गण्डकी नदीको एक सहायक नदीको रूपमा नेपालबाट उत्पत्ति भएर नेपाल भित्रै गण्डकी नदीमा मिसिएर सप्तगण्डकी वा नारायणी नदीको रूपमा नेपालभित्र र गण्डक नदीको नामले भारतभित्र बग्दै बिहारको सोनपुर हरिहर क्षेत्रमा गंगा नदीमा मिसिन्छ। भारतमा चम्पारणदेखि गोरखपुरसम्म ४२ वटा विषयहरू रहेको यस दरदगण्डकी देशको ताम्रपत्र अभिलेखहरूका साथै मुद्रा लगायतका अन्य सामग्रीहरू समेत पाइएका छन्। तर जुन दरद वा दरौँदी नदीको नामबाट यस देशको नाम रहन गएको हो। त्यहाँ कुनै पनि ऐतिहासिक सामग्री उपलब्ध नहुनु एक आश्चर्यको विषय भएको छ। वास्तवमा हेर्ने हो भने वागमती सभ्यताको इतिहासले कौशिक, गण्डक र कर्णाली सभ्यताको इतिहासलाई ओझेलमा पारेको छ। यस दरदगण्डकी देशका अभिलेखहरू नेपालमा नपाइएका होइनन्, केहि मात्रामा अवश्य पाइएका छन्। तर नेपाली लगायतका देशीविदेशी इतिहासकारहरूले यसलाई केन्द्रको नेपाल उपत्यकाका आन्तरिक गृहकलहमा अल्झेका राजाहरूका अधीनमा रहेको भनी देखाउन खोजेका छन्। जस्तैः मंग्वरविषय, धवलस्रोतपुर विषय, गण्डीगुल्मविषय, पञ्चावतदेशविषय आदि ४२ वटा विषयहरू रहेको यस देशको विभिन्न विषयका तत्कालीन विषयाधिपति सामन्तहरूका ताम्रपत्रहरू नेपालमा पनि पाइएका छन्। कुनैमा राजाको नाम लेखिएको छ त कुनैमा मात्र सामन्तको नाम लेखिएको पाइन्छ।

अतः यो दरौँदीगण्डकी देश दशौँ शताब्दीदेखि बारहौँ शताब्दीको पुर्वार्द्धसम्म अस्तित्वमा रहेको, गण्डकी नदीको प्रस्रवण क्षेत्रमा कायम भएको, यस देशका राजाहरूको वंशावली डी.सी. सरकार र कीलहा'र्न दुवै जनाले प्रकाशित गरेका

छन् । हालको पोखरा शहर बसेको स्थललाई कीर्तिपालको अभिलेखमा सौम्यसिन्धु उत्तरसमुद्र भनी उल्लेख गरिएको कुरा कीलहा'र्नको यस भनाइबाट पनि पुष्टि हुन्छ, "I have not found hitherto any reference to the king or chiefs of Uttarsamudra and unable to locate their principality. Apparently it must have been somewhere between the Gogra and Gandak and Nepal". (F.Kielhorn, 1981, p.93-94).

माथिको कीलहा'र्नको भनाइबाट स्पष्ट हुन्छ कि उनले उत्तरसमुद्रको भारतमा खोजी गर्दा फेला पार्न सकेका थिएनन् । त्यसैले उनले यो उत्तरसमुद्र वा सौम्यसिन्धु नेपालमा हुनसक्ने शंका व्यक्त गरेका छन् । यस दरौँदीगण्डकी देशको इतिहास पल्टाउँदा वागमती सभ्यताको नेपालको इतिहासभन्दा यस देशको इतिहास कम गौरवपुर्ण छैन । पुराणहरूमा उल्लेखित जरासन्ध र कृष्णबिचको युद्धमा यस दरद देशका राजा जरासन्धको पक्षमा लडेर युद्धमा शहादत प्राप्त गरेको विवरण महाभारतको द्रोणपर्वको अध्याय ७० श्लोक ११ मा उल्लेख गरिएको छ । त्यसैगरी महाभारतको उद्योग पर्वको अध्याय ४ को पन्ध्रौँ श्लोकमा पाण्डवहरूले दरदहरूलाई युद्धमा आफ्नो पक्षमा भाग लिन आमन्त्रित गरेको प्रसंग पाइन्छ । तर दरद देशका योद्धाहरू दुर्योधनको सेनामा रहेको प्रसंग भीष्म पर्वको एकाउन्नौँ अध्यायको सोरहौँ श्लोकमा रहेको छ । यस दरद राज्यको भौगोलिक अवस्थिति सम्बन्धमा भारतीय इतिहासकार रघुनाथ सिंहका अनुसार परस्पर विरोधि मतहरूको उल्लेख भएको पाइन्छ । तर एउटा कुरामा सबै एकमत छन् । उनीहरू पर्वतीय जाति थिए । उनको निवासस्थान भारतको उत्तर-पश्चिम सीमान्तमा थियो (सिंह, सन् १९६९, पृ. १२५) । तर सिंह आफैं सोही पुस्तकको पृष्ठ १२४ मा यस भनाइको खण्डन गर्दै लेखेका छन् । यस देशको जुन भौगोलिक अवस्थिति महाभारतमा दिइएको छ । त्यो आज पनि पाइन्छ । यसलाई पुर्वोत्तर दिशाको देश भनिएको छ (ऐजन १२४) ।

यस दरद देश, दर्दुर पर्वत र दरद जातिको खोजी गर्दा हस्तिनापुरको पुर्वोत्तरमा अवस्थित नेपालको लमजुङ जिल्लामा रहेका दरद वा दरौँदी नदी प्रस्रवण क्षेत्रको पश्चिमी भूभागमा अवस्थित दुरा डाँडामा बसोबास गर्ने पर्वतीय दुरा जातिका मानिसहरू आफ्नो अस्तित्वका लागि संघर्षरत देखिन्छ । यसरी विष्णु पुराणमा वर्णित दर्दुर पर्वतकै अपभ्रंश रूप दुरा डाँडा र दरद जातिको परिवर्तित रूप दुरा जातिको रूपमा रहेको देखिन्छ । यसप्रकार माथि उल्लेखित दरदगण्डकी देश र दरद जाति वर्तमान नेपालको भौगोलिक क्षेत्रबाट महाभारत युद्धमा कोशी क्षेत्रका किराँतहरू, वागमती क्षेत्रका आभीरहरू, दरौँदीगण्डकी क्षेत्रका दरददेशका राजा र कर्णाली क्षेत्रका खाशीर वा खस राजाहरू दुर्योधनको पक्षमा युद्धमा भाग लिएको प्रसंग पाइन्छ । अतः गण्डकी सभ्यताको गौरवमय इतिहास पौराणिककालदेखि बारहौँ शताब्दीसम्म उज्ज्वल रहेको देखिन्छ । प्राचीन हिन्दु धर्मग्रन्थहरू महाभारत, पुराणहरूमा वर्णन गरिएका यस दरद देशका विभिन्न ताम्रपत्र अभिलेख, मुद्राहरू लखनउ, गोरखपुर र पटना संग्रहालयहरूमा सुरक्षित रहे पनि त्यस देशको इतिहास अलपत्र रहेको छ । प्राचीन दरद जातिदेखि मंगोलियन मूलका थारु, मगर, गुरुङ, तामाङ, आदिका साथै कर्णाली सभ्यताका खसहरू, वागमती सभ्यताका नेवारहरू र मधेसी मूलका मानिसहरूको मिश्रित बस्तीले प्राचीन गण्डकी सभ्यताको स्थानमा मंगोलियन, खस र नेवारहरूको मिश्रणबाट संयुक्त रूपमा गोर्खाली र नेपाली पहिचान कायम गरी वर्तमान विश्व सामु प्राचीन पर्वतीय लडाकुको रूपमा परिचित दरद जातिहरूले नयाँ गोर्खाली वीरताको पहिचान बोकेको छ । गण्डकी सभ्यताको पुर्वमध्यकालीन उत्तराधिकारीको रूपमा दशौँ शताब्दीदेखि बारहौँ शताब्दीसम्म अस्तित्वमा रहेका यस दरौँदीगण्डकी देशको इतिहासतर्फ नेपाली र भारतीय इतिहासकारहरूले खासै चासो नदेखाएकाले गण्डकी सभ्यताको इतिहास ओझेलमा पर्न गएको छ । अतः यस अध्ययनले गण्डकी सभ्यताको प्राचीन इतिहासहरूको खोजी गर्दै पूर्वमध्यकालमा अस्तित्वमा आएका दरौँदीगण्डकी क्षेत्रको इतिहासमाथि प्रकाश पार्नेछ । हाल नेपालीको पर्याय बनेको गोर्खाली शब्द यसै गण्डकी सभ्यताको उपज गोर्खा राज्यको देन हो । तर मध्यकालमा गोर्खाराज्य अस्तित्वमा आउनुअघि पूर्वमध्यकालमा यस क्षेत्रमा अस्तित्वमा आएका दरदगण्डकी देश हाल नेपाल र भारतमा विभाजित भई यस देशका त्यसबेलाका ४२ वटा विषयहरूमध्ये केही नेपालमा त केही भारतको अधिनमा रहन गएकाले यो क्षेत्र उपेक्षित

हुन गएको हो। यद्यपि यस गण्डकीसभ्यताका भूमिपुत्र गौतम बुद्धको जन्मस्थलका लागि दुवै देशबिच तँछाडमछाड भइरहेको कुरा सहजै देख्न सकिन्छ।

यस अध्ययनको मूल उद्देश्य दरदगण्डकी देशको पौराणिक पहिचानको खोजी गर्दै पूर्वमध्यकालमा अस्तित्वमा आएका दरद (दरौँदी) गण्डकी देशको इतिहासमाथि प्रकाश पार्नु हो। यस अध्ययनमा मूलतः प्राचीन दरद देश, दरद जातिको खोजी गर्दै पूर्वमध्यकालका दरौँदीगण्डकी देश र प्राचीन दरद देश बिचको सम्बन्ध केलाउने प्रयास गरिएको छ।

## अध्ययन विधि

यो नेपालको पूर्वमध्यकालको इतिहाससित सम्बन्धित एक ऐतिहासिक अनुसन्धान भएकोले यसका लागि ऐतिहासिक अनुसन्धानका विधिहरू प्रयोग गरिएको छ। यस अनुसन्धानात्मक कार्यमा प्राथमिक स्रोतको रूपमा लखनउ र पटना संग्रहालयहरूमा रहेका दरदगण्डकी देशका ताम्रपत्र अभिलेखहरू, महाभारत र पुराण लगायतका धार्मिक ग्रन्थहरूमा उल्लेखित विवरणहरूलाई प्रयोग गरिएको छ। त्यसैगरी सहायक स्रोतको रूपमा नेपाली तथा भारतीय विद्वानहरूले प्रकाशित गरेका यस दरद र दरदगण्डकी देशसित सम्बन्धित सामग्रीहरूलाई प्रयोग गरिएको छ। यसका लागि गुणात्मक अनुसन्धानका पुस्तकालयीय विधि, आधुनिक सूचना र सञ्चार प्रविधि, ईन्टरनेटको प्रयोग गरी विभिन्न वेवसाइटहरूमा राखिएका सम्बन्धित सामग्रीहरूको अध्ययन गरी तथ्य र तथ्याङ्कहरू संकलन गरिएको छ।

## अध्ययनको विश्लेषण

यो एक ऐतिहासिक अनुसन्धान भएकोले यसमा गण्डकी सभ्यता र दरौँदीगण्डकी देशसित सम्बन्धित तथ्य र तथ्याङ्कहरूलाई समय, ऐतिहासिक पात्र, घटना र त्यसको ऐतिहासिक प्रभावहरूको आधारमा वर्णनात्मक विधिको प्रयोग गरी व्याख्या विश्लेषण गरिएको छ। महाभारत, पुराणहरू र ऐतिहासिक अभिलेखहरूमा उल्लेखित दरद जाति, दरद देश र दरदगण्डकी देश तथा वर्तमान नेपालको दरौंदी र गण्डकी नदी प्रस्रवण क्षेत्रबाट पाइएका ताम्रपत्रहरू, त्यहाँका दुरा जाति, दुरा डाँडा एवम् ताम्रपत्रमा उल्लेखित सौम्यसिन्धु (उत्तरसमुद्र) सित पोखरा उपत्यकाको धरातलीय स्वरूपको वर्णनात्मक विधिद्वारा विश्लेषण गरी निष्कर्ष निकालिएको छ।

## प्राचीन दरद देश र दरद जाति

प्राचीन पौराणिक धार्मिक ग्रन्थहरूका साथै पूर्वमध्यकालीन ऐतिहासिक ग्रन्थहरू कल्हणको राजतरंगीणी, अलबेरुनीको भारत आदि ऐतिहासिक स्रोतहरूमा पहाडी लडाकु जातिका रूपमा दरद जाति र पहाडी मूलुकका रूपमा दरद देशलाई उल्लेख गरिएका विवरणहरू पाइन्छन्। महाभारतको सभापर्व, भीष्मपर्व, द्रोणपर्व, हरिवंश पुराणको कृष्ण-जरासन्ध युद्धको प्रसंगका साथै मत्स्यपुराण, बाराह पुराणहरूमा खस, किराँत, कम्बोजहरूका साथै दरद देश र दरद जातिका प्रसङ्गहरू उल्लेख गरिएका छन्। बामन पुराणको तेरहौँ अध्यायको पन्ध्रौँदेखि अठारौँ श्लोकसम्म भारतवर्षको पर्वतहरूको वर्णन गर्ने क्रममा दर्दुराचल पर्वतको यसप्रकार उल्लेख गरिएको पाइन्छ।

> "तथान्ये शतसहस्रा भूधरा मध्यवासिनः।
> विस्तारोच्छायिणो रम्या विपुलाः शुभसानवः ॥१५॥
> कोलाहलः स वैभ्राजोमन्दरो दर्दुराचलः।
> वातंधामो वैद्युतश्च मैनाकः सरसस्तथा ॥१६॥
> तुङ्गप्रस्थो नागगिरिस्तथा गोवर्धनाचलः

उज्जायनः पुष्पगिरिरर्वुदो रैवतस्तथा ॥१७॥
ऋष्यमूकः सगोमन्तश्चित्रकूटः कृतस्मरः ।
श्रीपर्वतः कोङ्कणाश्च शतशोऽन्येऽपि पर्वताः ॥१८॥"
(पोद्दार, सन् २०१६, पृ. ६७)

श्लोकमा बताइए अनुसार यसको मध्यमा अन्य लाखौं पर्वतहरू छन्, जुन अत्यन्त विस्तृत उतुङ्ग (अग्लो), रम्य (रमाइलो) एवम् सुन्दर शिखरहरूले सुशोभित छन् । यहाँ कोलाहल, वैभ्राज, मन्दरगिरि, दर्दुराचल, वातंधम, वैद्युत, मैनाक, सरस, तुङ्गप्रस्थ, नागगिरि, गोवर्धन, उज्जायन, पुष्पगिरि, अर्बुद, रैवत, ऋष्यमूक, गोमन्त, चित्रकुट, कृतस्मर, श्रीपर्वत, कोङ्कण तथा अन्य सयौँ पर्वतहरू विराजमान छन् ।

त्यसैगरी महाभारतको सभापर्वको दशौँ अध्यायको तीसौँ एकतीसौँ श्लोकमा पनि दर्दुर पर्वतको उल्लेख गरिएको छ।

"हिमवान परियात्रश्च विन्ध्यकेलासमन्दराः ।
मलयो दर्दुरश्चैव महेन्द्रो गन्धमादनः ॥३०॥
इन्द्रकील सुनाभश्च तथा दिव्यो च पर्वतौ ।
एते चान्ये च बहवः स मेरूपुरोगमा ः ॥३१॥"
(शर्मा, सन् १९१७, पृ. ५६)

श्लोकमा बताइए अनुसार हिमालय, परियात्र, विन्ध्य, कैलाश, मन्दर, मलय, दर्दुर, महेन्द्र, गंधमादन, इन्द्रकील र सुनाभ, दुई दिव्य पर्वतहरू तथा मेरु आदि अरु अनेकौँ पर्वतहरू मूर्तिमान भएर धनपति महात्मा कुबेरको उपासना गर्दछन् ।

यसप्रकार वामन पुराण र महाभारतको सभापर्वमा दर्दुराचल पर्वतको वर्णन गरिएको पाइन्छ। यस सम्बन्धमा भारतीय इतिहासकार रघुनाथ सिंह आफ्नो विचार यसरी व्यक्त गरेका छन् । दरदहरू दरद अथवा दर्दुर पर्वतमालामा बस्दथे । त्यसकारण उनीहरूको नाम दरद रहन गयो । यी स्थानहरू दरदहरूका बासस्थान भएकोले पर्वतमालाहरूका नाम दरद हुन सक्छन् (सिंह, सन् १९६९, पृ. १२५) । यसरी महाभारत र पुराणहरूमा उल्लेख गरिएका दर्दुर पर्वतका बासिन्दाका रूपमा रहेका दरद जातिका मानिसहरूको दरददेश हस्तिनापुरभन्दा पूर्वोत्तरमा र मगधको उत्तरी भागमा रहेको कुरा पद्मपुराण, बामन पुराण, हरिवंश पुराण र महाभारतको भीष्मपर्वमा उल्लेख गरिएको पाइन्छ। पद्मपुराणको स्वर्गखण्डको छैठौँ अध्यायको ६२ औँ श्लोकदेखि ६५ औँ श्लोकसम्म स्पष्ट रूपमा भारतको पूर्वोत्तर पहाडी भूभागका बासिन्दा र देशहरूको वर्णन यसप्रकार गरिएको छ।

"क्षत्रियोपनिवेशाश्चवैश्य शूद्रकुलानिच ।
शूराभिराश्चदरदाः काश्मीराः पशुभिः सह ॥६२॥
खाण्डिकाश्चतुषाराश्च पद्मगागिरिगव्हराः ।
आद्रेयाः सभिरादाजास्तथैवस्तनपोषकाः ॥६३॥
द्रोषकाश्चकलिगाश्चकिराँतानांचजातयः ।
तोमराहन्यमानाश्चतथैवकरभञ्जकाः ॥६४॥
एतेचान्ये जनपदाः प्राच्योदीच्यास्तथैव च ।
उद्देश्यमात्रेणमयादेशाः संकीर्तिताद्विजाः ॥
यथागुणबलंचापित्रिवर्गस्यमहाफलम ॥६५॥"
(पद्मपुराण, पेज १२९०ः संस्कृतपुस्तकालय डटकम)

"यसका अतिरिक्त क्षत्रियहरूका पनि थुप्रै उपनिवेशहरू छन् । वैश्य र शूद्रहरूका पनि स्थानहरू रहेका छन् । शूरवीर आभीर, दरद तथा काश्मीर जातिका मानिसहरू आफ्ना पशुहरूका साथ बस्दछन् । खाण्डिक, तुषार, पह्नाव, गिरिगव्हर, आत्रेय, भारद्वाज, स्तनपोषक, द्रोषक र कलिङ्ग यिनीहरू किराँतका जातिहरू हुन् । यिनीहरूका नामले छुट्टाछुट्टै जनपदहरू रहेका छन् । तोमर, हन्यमान र करभञ्जक आदि अन्य थुप्रै जनपदहरू छन् । यी पूर्वोउत्तरका जनपदहरू भए । ब्राह्मणहरू । यसप्रकार संक्षेपमा मैले सबै देशहरूका परिचय दिएँ । यस अध्यायको पाठ र श्रवण त्रिवर्ग (धर्म, अर्थ र काम) रूप महान फल प्रदान गर्नेवाला छन्" (गोयन्दका, सन २००२, पृ. ३३४) । यसैगरी भारतको उत्तरी भागको पहाडी क्षेत्रमा बसोबास गर्ने मानिसहरूको वर्णन गरिएको वामन पुराणको तेरहौँ अध्यायको ३९ औँ श्लोकदेखि ४३ औँ श्लोकसम्मको विभिन्न जातजातिहरूको वर्णन गर्ने क्रममा दरद जातिको पनि उल्लेख गरिएको पाइन्छ

"क्षत्रियाः प्रातिवैश्याश्च वैश्यशूद्रकुलानि च ॥३९॥
काम्बोजा दरदाश्चैव बर्वरा ह्याङ्गलौकिकाः ।
चीनाश्चैव तुषाराश्च बहुधा बाह्यतोदराः ॥४०॥
आत्रेयाः सभरद्वाजाः प्रस्थलाश्च दशेरकाः ।
लम्पकास्तावका रामाः शूलिकास्तङ्गणैः सह ॥४१॥
औरसाश्चालिभद्राश्च किराँतानां च जातयः ।
तामसाः ऋसमासाश्च सुपार्श्वाः पुण्ड्रकास्तथा ॥४२॥
कुलूताः कुहुका ऊर्णास्तूणीपादाः सकुक्कुटाः ।
माण्डव्या मालवीयाश्च उत्तरापथवासिनः ॥

(पोद्दार, सन् २०१६, पृ. ६७)

"क्षत्रिय, प्रातिवैश्य तथा वैश्य एवम् शूद्रहरूको कुल कम्बोज, दरद, बर्वर, अङ्गलौकिक, चीन, तुषार, बहुधा, बाह्यतोदर, आत्रेय, भरद्वाज, प्रस्थल, दशेरक, लम्पक, ताक्क, राम, शूलिक, तङ्गण, औरस, अलिभद्र, किराँतहरूका जाति, तामस, ऋसमास, सुपार्श्व, पुण्ड्रक, कुलूत, कुहुक, ऊर्ण, तूणीपाद, कुक्कुट, माण्डव्य एवम् मालवीय यी जातिहरू उत्तर भारतमा बसोबास गर्दछन्" । यसप्रकार पद्मपुराणमा पुर्वोत्तर दिशाका देशहरू अन्तर्गत वर्णन गरिएका दरद देशलाई बामन पुराणमा भारतको उत्तरतर्फको देश भनिएको छ । यसरी भारतको उत्तरतर्फको पहाडी भूभागमा अवस्थित दरद जाति र दरद देशसँग सम्बन्धित दर्दुर पर्वत भारतको पश्चिमोत्तर सीमान्त प्रान्तको हालको पाकिस्तानको दरदिस्तान नभई लमजुङको दुराडाँडा रहेको देखिन्छ । यसको पुष्टि माथि उल्लेखित महाभारतको भीष्मपर्वका साथै हरिवंश पुराणको कृष्ण-जरासन्ध युद्धको प्रसंगबाट पनि हुन्छ । हरिवंश पुराणको विष्णुपर्वको ४२ औँ अध्यायको सैंतीसौँ श्लोकमा जरासन्धको पक्षबाट पूर्व, पश्चिम र उत्तरतर्फबाट आक्रमण गर्ने राजाहरूको वर्णन पश्चात मगधका छिमेकी देशहरू पश्चिमका चेदीराज दमघोष र उत्तरका दरदराजको वर्णन यसप्रकार गरिएको छ ।

"अहं च दरदश्चैव चेदीराजश्च वीर्यवान ।
दक्षिणं शैलनिचयं दारयिष्याम दंशिताः ॥३७॥"

(पोद्दार, सन् २०१६, पृ. ४७५)

"म, दरदराज तथा पराक्रमी चेदीराज दमघोष कवच आदिबाट सुसज्जित भएर यस पर्वतको दक्षिणी भूभागमा आक्रमण गर्नेछु" । यसैगरी कृष्ण र जरासन्ध बिच भएको सो युद्धमा दरदराजको शहादतलाई उक्त पुराणको सोहीपर्वको ४३ औँ अध्यायको ५५ औँ श्लोकदेखि ६० औँ श्लोकसम्म यसप्रकार वर्णन गरिएको छ ।

"एवमुक्ते तु नृपतिर्दरदो नाम वीर्यवान ।
रामं हलाग्रोग्रभुजं प्रत्यात् सैन्यमध्यगम् ।।५५।।
बभाषे स तु ताम्राक्षमुक्षाणमिव सेवनी ।
एह्येहि राम युद्धस्व मया सार्द्धमरिंदम ।।५६।।
तद् युद्धमभवत् ताभ्यां रामस्य दरदस्य च ।
मृधे लोकवरिष्ठाभ्यां कुञ्जराभ्यामिवौजसा ।।५७।।
योजित्वा ततः स्कन्धे रामो दरदमाहवे ।
हलेन बलिनां श्रेष्ठो मुसलेनावपोथयत् ।।५८।।
स्वकायगतमूर्धा वै मूसलेनावपोथितः ।
पपात दरदो भूमौ दारितार्द्ध इवाचलः ।।५९।।
रामेण निहते तस्मिन् दरदे राजसत्तमे ।
जरासन्धस्य राज्ञस्तु रामेणासीत् समागमः ।।६०।।
(पोद्दार, सन् २०१६, पृ. ४७५)

"श्रीकृष्णको भनाइपछि पराक्रमी राजा दरद सेनाको बिचमा उभिएर हलोको अग्रभाग झैं उग्र भुजा भएको बलरामको सामुन्ने आए। किसानहरूले गोरुसित कुरा गरे झैं रातो आँखा पारेका बलरामसित यसप्रकार भने, "शत्रुदमन राम ! आउ, आउ मसित युद्ध गर" । बलराम र दरद दुवैजना यस संसारका श्रेष्ठ वीरहरू थिए । युद्धस्थलमा दुवैजनाको बलपुर्वक सङ्ग्राम हुन थाल्यो, मानौँ दुई हाथीहरू आपसमा लडिरहेका छन् । त्यसपछि बलवानहरूमा श्रेष्ठ बलरामले युद्धस्थलमा दरदको काँधमा हलो फँसाएर त्यसलाई मुङरोले हानेर मारे । मुङरोले हानेपछि दरदको टाउको शरीरभित्रै पसे । विदीर्ण भएको पर्वत झैँ उनी पृथ्वीमाथि ढले । राजाहरूमा श्रेष्ठ दरद बलरामद्वारा मारिएपछि राजा जरासन्धसित उनको अत्यन्तै भयंकर रोमाञ्चकारी युद्ध हुन थाल्यो" ।

माथि उल्लेखित विवरणहरूबाट प्रस्ट हुन्छ कि दरद देश र दरद जातिका मानिसहरूको बसोबास हस्तिनापुरको पूर्वोत्तरमा रहेको र मगधको उत्तरमा रहेको थियो । तर भारतीय इतिहासकारहरू लगायत युरोपियन इतिहासकारहरूले पनि नेपालको दरद (दरौँदी) नदी, दर्दुर पर्वत (दुरा डाँडा) र दरद (दुरा) जाति तर्फ ध्यान नदिई पाकिस्तानको सिन्धु नदीको उपत्यकामा दरद देश खोज्ने प्रयास गरेको देखिन्छ। यहाँसम्म कि काश्मीर जस्तै पहाडी भूभाग रहेको यो दरद देशको उल्लेख कल्हणको राजतरंगीणीमा पनि यसलाई काश्मीरभन्दा पश्चिमको दर्दिस्तानमा देखाउने प्रयास गरेका छन् । तर कल्हणकै समयका यस दरद देशका तीनवटा ताम्रपत्रहरू पाइएका छन् । जसमा प्रस्ट रूपमा गण्डकी नदीसित जोडिएर दरदगण्डकी देश (मण्डल) भनी उल्लेख गरिएको पाइन्छ। तर पाकिस्तानमा हुनसक्ने दर्दिस्तान पर्वततर्फ दरद देशको उल्लेख भएको हालसम्म कुनै पनि ऐतिहासिक सामग्री रहेको कुरा मलाई थाहा छैन् । अतः दरद (दरौँदी) नदीको सभ्यताका बासिन्दाहरूलाई दरद (दुरा) जाति र दरदहरूको बसोबास भएको ठाउँलाई दर्दुर पर्वत (दुरा डाँडा) भनिएको देखिन्छ। जसको प्रत्यक्ष प्रमाणको रूपमा यस गण्डकी क्षेत्रमा रहेको मुस्ताङको प्राचीन मानव बसोबासको अवशेषहरूलाई लिन सकिन्छ। जहाँसम्म सिन्धु उपत्यकाको प्रश्न छ त सन् ११११ को दरदगण्डकी देशका राजा कीर्तिपालले हालको पोखरा शहर बसेको ठाउँ त्यसबेला पानी जमेको ठूलो दहको रूपमा रहेकोले त्यस ठाउँलाई आफ्नो अभिलेखमा सौम्युसिन्धु (उत्तरसमुद्र) भनी लेखेका छन् । अतः सिन्धु नदीको उपत्यका नभई दरौँदी नदीको नजिकको सौम्यसिन्धु उपत्यका (पोखरा) शहर रहेको प्रस्ट हुन्छ। कीर्तिपालको ताम्रपत्रमा सौम्यसिन्धुको उल्लेख यसप्रकार गरिएको छ।

"निज भुजार्जित सौम्यसिन्धु राजाधिपत्य इह विक्रमपाल नामाय" (सन् ११११ को लखनउ सङ्ग्रहालयको ताम्रपत्र)।

उक्त ताम्रपत्रको छैठौं पङ्क्तिमा सौम्यसिन्धु भनी उल्लेख गरेका ठाउँलाई सोही ताम्रपत्रको बीसौं पंक्तिमा उत्तरसमुद्र भनी उल्लेख गरका छन् ।

"उत्तरसमुद्राधिपत्य श्रमिद् विक्रमपालदेव चरणानुध्यात परमभट्टारक महाराजाधिराज परमेश्वर परममाहेश्वर क्रमागत उत्तरसमुद्राधिपत्य श्रमिद् कीर्तिपाल ददौ" (एपिग्राफिका इण्डिका, कीलहार्न, सन् १९८१, पृ. ९३-९४) । उक्त ताम्रपत्र अभिलेखमा उल्लेखित सौम्यसिन्धु (उत्तरसमुद्र) नेपालमा हुनसक्ने सम्भावना कीलहा'र्नले पनि व्यक्त गरेका छन् ।

नेपाली भाषाको पोखरीलाई मैथिली भाषामा पोखैर र भोजपुरी भाषामा पोखरा भनिन्छ । यो पोखरा नाम भोजपुरी भाषाको पोखराबाट पनि बनेको हुनसक्छ । जति-जति दहको पानी सुक्दै गए । त्यति-त्यति बस्ती विस्तार हुँदै गएर हालसम्म पनि त्यहाँ पानी जमेको थुप्रै तालहरू देख्न सकिन्छ । त्यहाँ रहेका फेवा, रूपा, वेगनास आदि तालहरूले यसैतर्फ सङ्केत गर्नुका साथै काठमाडौं वा मुस्ताङ जस्तै कुनै प्राचीन पुरातात्विक वस्तु फेला नपर्नुले पनि ईशाको बारहौं शताब्दीसम्म यो सौम्यसिन्धु वा उत्तरसमुद्रको रूपमा रहेको कुराको पुष्टि गर्दछ । अतः सिन्धु उपत्यकाको दरद देश नभएर सौम्यसिन्धु उपत्यकाको दरदगण्डकी देशको उल्लेख कल्हणले राजतरंगीणीमा गरेका छन् । कल्हणले राजतरंगिणीको प्रथम तरंगमा राजा सुरेन्द्रको वर्णन गर्ने क्रममा यसप्रकार लेखेका छन् ।

दरददेश शान्तिके कृत्वा सोरकाख्यं स पत्तनम् ।<br>
श्रीमान्विहारं विदधे नरेन्द्रभवनाभिधम् ॥९३ ॥<br>
(शास्त्री, सन् १९६०, ०७)

"उनले दरद देश नजिक सोरकाख्य (सम्भवतः सुर्खेत) नाउँको पत्तन (शहर) बसालेर उक्त राजाले श्रीमानविहार नामको भवन बनाए" । हुनसक्छ सोरकाख्य (सुर्खेत) को काँक्रेबिहार एघारौं शताब्दीका कल्हणभन्दा पहिलेका सुरेन्द्रले नै बनाएका हुन् कि ? किनभने सुर्खेत दरौंदी नदी र काश्मीरको बिचमा पर्छ ।

**नेपालको दरद (दरौँदी) क्षेत्रका दुरा डाँडा र दुरा जाति**

"दुराडाँडा वरपरका सिन्दुरे, चन्द्रेश्वर, नेटा, दुराडाँडा, पुरानकोट र धुसेनी सबैलाई दुराडाँडा भनिन्छ । दुराहरूको बसोबास भएको थलो भएकाले सबै गाउँलाई दुराडाँडा भन्ने गरिए पनि अहिले दुराडाँडाभित्र अनेकौं नामका गाउँहरू भएका छन्" (मसाल, के.बि., सन् २०२४ जुलाई ३१, अन्तरङ्ग न्यूज डटकम) । "दुराजातिको उद्‌गम वा मूल थलो नै लमजुङ हो भन्ने कुरामा बिमति नै छैन । यहाँको पनि दुराडाँडा क्षेत्रलाई दुराहरूको मूल थलो मानिन्छ । जिल्लाको खजेगाउँ, तुर्लुङकोट, भाँगु, मकैस्वाँरा, ठूलोस्वाँरा, कानेस्वाँरा, बाँसपानी, पाउँदीखोला (मिलनटोल), कोईराला फाँट, नेटा, कुन्छा, तान्द्राङटक्सार, वर्धने, हाँडीखोला, नास्के, लाङ्दी, सिस्ठानी, सम्ले, सानीस्वाँरा, भदौरे जस्ता प्रचीन बस्तीहरूमा दुराहरू बसोबास गर्दै आएका छन्" (किसान संगीत, सन् २०२५ नोभेम्बर ०४, ढोरपाटन न्यूज डटकम) । यसरी माथिका पत्रकारहरूले उल्लेख गरे अनुसार लमजुङ जिल्लाको दुराडाँडा क्षेत्रमा रहेका विभिन्न प्रचीन गाउँबस्तीहरूमा दुराजातिको पुरानो थातथलो रहेको देखिन्छ । प्राचीन हिन्दु धर्मग्रन्थहरूमा पनि दर्दुर पर्वतमा दरद जातिहरूको बस्ती भएको कुराको उल्लेख भएको हुँदा प्राचीन दर्दुरबाट अपभ्रंश भएर दुर हुँदै दुरा पर्वतबाट दुराडाँडा भएको देखिन्छ भने यस क्षेत्रका मूल बासिन्दाहरूलाई धार्मिकग्रन्थहरूमा दरद जाति भनिए भैँ दुराडाँडाका बासिन्दाहरूलाई दुरा जाति भनिएको पाइन्छ ।

नेपाल प्रज्ञाप्रतिष्ठानको वेबसाइटमा राखिएको प्रज्ञा नेपाली बृहत शब्दकोषमा दुराजातिलाई यसरी परिभाषित गरिएको छ । "लमजुङ जिल्लाको दुराडाँडामा बसोबास गर्ने, आफ्नै भाषासंस्कृति भएको नेपालको अल्पसङ्ख्यक एक जाति" (प्रज्ञा नेपाली बृहत शब्दकोष) । यस शब्दकोष अनुसार पनि दुराहरूका थातथलो दुराडाँडा नै रहेका देखिन्छन् । "दुरा जाति न होचा, न अग्ला, मोटो घाटो शरीर भएका, करीब मङ्गोल वर्ण भएका, सज्जन आनीबानी भएका, मिलनसार

समाजको एक जाति हो । यो जातिमा प्रायः रीस र आन्तरिक प्रतिशोधको भावना हुँदैन । यिनीहरूको जमात भोलेभाले हुन्छ। शारीरिक बनोट गुरुङ जातिको जस्तो हुन्छ। बोलिको लवजमा गुरुङ जातिकोसँग केही अंश मात्र मिलेर उनको आफ्नै पाराको वैशिष्ट्य झल्किन्छ। परम्परागत यो समाजको आफ्नै भाषा छ। तर आजकाल उक्त भाषा लोप हुँदै गइरहेको छ" (घिमिरे, सन् १९८५ जुलाई, प्राचीन नेपाल अङ्क ८६-८८, पृ. २५) । त्यसैगरी यामबहादुर दुरा लेख्दछन्, "गोलो अनुहार, थेप्चो नाक, तुलनात्मक रूपमा चिम्सो आँखा र होचो शरीर । दुरा जातिको शारीरिक रूपरेखा सामान्यतया यही हो । दुरा समुदाय नेपालका अल्पसङ्ख्यक जनजातिमध्ये एक पर्छन्" (दुरा, सन् २०१४ अप्रिल ९, दुराका कुरा ब्लगपोस्ट डटकम) । उनले पनि दुराजातिको मुख्य बस्ती लमजुङ हो भनी लेखेका छन् ।

यसप्रकार हिन्दु धार्मिकग्रन्थहरूमा उल्लेखित दर्दुर पर्वत दुराडाँडा र प्राचीन दरद जाति हालको दुरा जाति रहेको देखिन्छ ।

**दरद (दरौँदी) गण्डकीदेश (मण्डल) को परिचय**

माथि उल्लेखित पौराणिक दरद देश आफ्नो स्वतन्त्र अस्तित्व कायम राख्न सकेन । कहिले पूर्वको वागमती सभ्यताको नेपाल त कहिले कर्णाली सभ्यताको खस राज्य अन्तर्गत रहँदै प्राचीन दरद जातिका मानिसहरू हालको तामाङ, गुरुङ, थामी, मगर, थारु, जिरेल, सुरेलहरूसित मिसिएर आफ्नो अस्तित्व र पहिचानका लागि संघर्ष गर्दै लमजुङ जिल्लामा मात्र सीमित हुन पुगेका छन् । जस्तो कि यामबहादुर दुरा लेख्दछन्, "विगतमा गाउँका गाउँ दुराहरूले आफ्नो परिचय बदलेर अन्य जातिमा परिणत भएको प्रसङ्ग बुढापाकाहरूको मुखबाट प्रशस्त सुन्न पाइन्छ। विगतमा पाँच मोहर (दुई रूपैयाँ पचास पैसा) तिरेर दुराबाट गुरुङ बन्न पाउने प्रचलन रहेको थियो । यसरी परिचय बदल्ने दुराहरू आज पनि 'पाँच मोहरे गुरुङ' भनेर चिनिन्छन्" (ऐजन दुरा) । श्रीकृष्णको विरुद्ध जरासन्धको पक्षमा र पाण्डव विरुद्ध कौरवको पक्षमा लडने यी दरदहरू नेपालको प्राचीन जनजातिहरू रहेको प्रस्ट हुन्छ । नेपाल उपत्यकाको लिच्छवि राजा मानदेवले पाँचौ शताब्दीमा गण्डकी पारीका तराईतर्फका मल्लपुरीका सामन्तहरूलाई दबाएर पहाडतर्फ पनि आफ्नो प्रभाव विस्तार गर्न खोजेपछि यस दरदक्षेत्रमा लिच्छविहरूको प्रभाव बढन थाल्यो । तर लिच्छवि शासनको उत्तरार्द्धतिर पूर्वमध्यकालमा राजा शिवदेवको उदय हुनुपुर्व नेपाल दरबार आन्तरिक गृहकलहमा फँसेर द्वैधशासन पद्धति, संयुक्त शासन पद्धतिमा रुमल्लिएको देखिन्छ। यस कुराको पुष्टि ज्ञानमणि नेपालको यस भनाइबाट पनि हुन्छ। "वि.सं. ११३९-४० (सन् १०८३-८४) तिर शङ्करदेव परलोक भए। शङ्करदेव परलोक हुँदा यिनका छोरा नातिहरू भइसकेका थिए। छोरा शिवदेव २५/२६ वर्षका भइसकेका थिए तर उत्तराधिकारीका रूपमा शिवदेव गद्दीमा बसेनन् । अर्कै वंशका अर्थात पहिलेका राजा यशोदेवका छोरा वामदेव राजाको रूपमा गद्दीमा बसे । यसको १५/१६ वर्षपछि ८७ वर्षको उमेरमा एक शक्तिशाली भारदार परलोक भए। उनी पाटन यथोबहालका एक अत्यन्त शक्तिशाली नेपालका प्रख्यात महाप्रभु उभय राजकुल उद्धारण र धारण गर्न समर्थ थिए। यता शङ्करदेवपछि उनका छोरा राजा नभएर यशोदेवका छोरा गद्दीमा बस्नु, उता वरपाल भारोको विशेषणमा उभय राजकुललाई धारण गर्न समर्थ भन्नु आदि कुराले पनि त्यस मौकामा पनि उभय राजकुलको अस्तित्व सम्भवतः द्वैराज्यको व्यवस्था भएको भान कताकता हुन आउँछ" (नेपाल, सन् १९९८, पृ. ५९) । यसप्रकार सिमरौनगढमा सन् १०९७ मा राजा नान्यदेवको नृपतिको रूपमा गृहवास्तु भएको दुई वर्षपछि ने.सं. २१९ (सन् १०९९) मा शङ्करदेवका छोरा शिवदेव राजा हुनुभन्दा पूर्व नेपालको राजनीति आन्तरिक गृहकलहमा फँसेको देखिन्छ ।

त्यसबेला दक्षिणी छिमेकी काशिको कन्नौज राज्य र बङ्गालको पालवंशको शक्ति क्षीण भएपछि यस दरदगण्डकी मण्डलमा स्थानीय सामन्त शासकहरूका थुप्रै स-साना विषयहरू कायम भएका देखिन्छन् । यी विषयहरूका सम्बन्धमा नेपाल र भारतका तत्कालीन ऐतिहासिक स्रोतहरूका अध्ययन गर्दा दुवै देशभित्र यस्ता विषयहरू सम्बन्धि ऐतिहासिक पुरातात्विक

सामग्रीहरू पाइएका देखिन्छन् । तर इतिहासकारहरूले यस तर्फ खासै चासो देखाएको पाईंदैन । फाट्टफुट्ट रूपमा केहि इतिहासकारहरू धनबज्र बज्राचार्य, ज्ञानमणि नेपाल, सूर्य जि.सि., बमबहादुरहरूले नेपालतर्फबाट र डी.सी. सरकार, कीलहार्न, राधाकृष्ण चौधरी, जस्ता व्यक्तित्वहरूले भारततर्फबाट केहि कार्य गरेका देखिन्छन् । तर हालसम्म पनि यस दरदगण्डकी देशको इतिहास प्रकाशमा आएको छैन् । यस दरौँदीगण्डकी देशका राजाहरू जयादित्य द्वितीय, सुर्यादित्य र कीर्तिपालले जारी गरेका ताम्रपत्रहरूमा स्पष्ट रूपमा 'दरदगण्डकी मण्डले, बियालिसी विषये, द्विचत्वारी विषये' भनी उल्लेख गरिनुका साथै त्यस देशका प्रशासनिक अधिकारीहरू पनि उल्लेख गरिएका पाइन्छन् । ती विषयहरूका सम्बन्धमा धनबज्र बज्राचार्य लेख्नुहुन्छ, "मध्यकालको नेपालको इतिहास खुलस्त रूपमा जान्नका लागि माथि उल्लेखित गण्डीगुल्म, जिग्लोद्गम, पन्नग, मंग्वर, धवलस्रोतपुर, पञ्चावतदेश, उदयपुर, आदि प्रदेशहरूको खोजी गर्नु आवश्यक छ भन्ने स्पष्ट थाहा पाइन्छ" (बज्राचार्य, सन् २०१०, पृ. २०-२१) । त्यसैगरी इतिहासकार बमबहादुर अधिकारी लेख्नुहुन्छ, "त्यतिबेला काठमाडौं उपत्यका राजधानी र त्यस अन्तर्गतका क्षेत्रहरूलाई विषय भनिन्थ्यो । ती सबै समावेश भएका नेपाल मण्डल अन्तर्गत हालसम्म प्राप्त भएका १३ वटा विषयहरूको जानकारी पाइएको छ" (अधिकारी, सन् २०१३, पृ. ७१) । इतिहासकार ज्ञानमणि नेपालको शब्दमा "नेपालमण्डलभित्र पूर्व-पश्चिमका धेरै विषय (जिल्ला) हरू सम्मिलित थिए । तिनमा विषयपति र राणक सामन्त राजाहरू शासन गर्दथे । केन्द्रको मूल गद्दीलाई मानेर यिनीहरूले स्वायत्त शासन चलाउँथे । लिच्छविकालमा धेरै सामन्त शासकको नाम हामीले देखेका छौं । चर्चित समयमा ती सामन्त शासकहरू नेपालमण्डलभित्र पर्ने पूर्व, पश्चिम, दक्षिणका विषयहरूमा पुस्तैनी शासक भएर रहेका थिए । काठमाडौं दून सोभै केन्द्रबाट शासित थियो" (नेपाल, सन् १९९८, पृ. २९) ।

यसप्रकार नेपाली इतिहासकारहरूले दरौँदीगण्डकी मण्डल अन्तर्गत रहेका विषयहरूका उल्लेख गरेपनि यस दरद वा दरौँदी र गण्डकी नदीको नामबाट बनेको दरदगण्डकी मण्डलको कहिँकत्तै कुनै उल्लेख गरेका छैनन् । बरु त्यसलाई नेपाल मण्डल अन्तर्गतको विषयको रूपमा देखाउन खोजेका छन् । जबकी दरौँदी नदी नेपालबाटै उत्पत्ति भएर नेपालभित्रै सप्तगण्डकी नदीमा मिसिन्छ, भने गण्डकी नदी पनि नेपालभित्रै आफ्ना सातवटा सहायक नदीहरूलाई आफुभित्र समाहित गरी सप्तगण्डकीको नयाँ रूप लिन्छन् । यसरी प्रस्ट रूपमा नेपालभित्रै नवौँ शताब्दीको उत्तरार्द्धदेखि बारहौँ शताब्दीको पूर्वार्द्धसम्म अस्तित्वमा रहेको, नेपालका दरौँदीगण्डकी प्रस्रवण क्षेत्रका साथै भारतको बिहार र उत्तर प्रदेशको गण्डकी किनारका क्षेत्रहरूमा आफ्नो अधिकार कायम गरी शासन चलाएका दरौँदीगण्डकी देशको अस्तित्वलाई कुनै पनि नेपाली इतिहासकारहरूले स्वीकार गरेको देखिँदैन । भारतीय इतिहासकारहरूले पनि यसलाई कन्नौजको वर्मनवंश र गुर्जर प्रतिहारवंश अन्तर्गतको सामन्त राज्यको रूपमा देखाउन खोजेका छन् । तर पञ्चावत (हालको चितवन जिल्लाको पञ्चा नदी किनारको वाल्मीकि आश्रम रहेको ठाउँ) लाई देशविषय (देशको राजधानी) बनाएर बसेका दरौँदी गण्डकी देशको इतिहास ओभेलमा पर्न गएकोले नेपालको यस कालखण्डको गण्डकी सभ्यताको इतिहास नै अन्धकारमा डुब्न गएको छ ।

## दरौँदी गण्डकी देश र राजा सुर्यादित्य

यस दरौँदी गण्डकी देशबाट जारी गरिएका तीनवटा ताम्रपत्रहरू भारतीय पुरातत्व विभागको जरनल एपिग्राफिका इण्डिकाको अङ्क ७ र अङ्क ३५ मा प्रकाशित गरिएका छन् । यी तीनै ताम्रपत्रहरूमध्ये सन् १०२० र १०२६ का दुईवटा ताम्रपत्रहरू राजा सूर्यादित्यबाट जारी गरिएका छन् भने सन् ११११ को एउटा ताम्रपत्र राजा कीर्तिपालद्वारा जारी गरिएका छन् । राजा जयादित्य द्वितीयद्वारा जारी गरिएका सन् ८७० को ताम्रपत्र भारतको गोरखपुर जिल्लाको गुरमह नामक स्थानबाट पाइएको छ । यसका साथै दरौँदी गण्डकी देशका अन्य ताम्रपत्रहरूका आधारमा पुरातत्वविद डी.सी. सरकारले राजा सूर्यादित्यको सात पुस्ताको वंशावली एपिग्राफिका एण्डिकाको अङ्क ३५ मा प्रकाशित गरेका छन् । राजा सूर्यादित्यका सन् १०२० र १०२६ का दुवै ताम्रपत्रहरू बिहारको पटना डिविजनका तत्कालीन कमिशनर मि. एस. भी. सोहनीबाट

डी.सी. सरकारले सन् १९६० को अगस्तमा प्राप्त गरी कपि गरेका थिए। मि. सोहनीले सो ताम्रपत्र उत्तर बिहारको चम्पारण जिल्लाको बगहा पुलिस स्टेशनबाट नियन्त्रणमा लिएका थिए। यस दरौँदी गण्डकी देशको तेस्रो ताम्रपत्र सन् ११११ को राजा कीर्तिपालको रहेको छ। यस ताम्रपत्र सम्बन्धमा कीलहार्नले आफ्नो विचार यसरी लेखेका छन्। यो ताम्रपत्र संयुक्त प्रान्तको गोरखपुर जिल्लाको भाटपारको मेलामा बेच्न ल्याइएका थिए र एक सोनार कहाँ बेचिएका थिए। Dr. W. ज्यभथ ले यो कुरा थाहा पाएर ताम्रपत्र खोज्दै गएर अर्को जिल्लाबाट प्राप्त गरेर सन् १८९८ को सेप्टेम्बरमा लखनउको प्रादेशिक सङ्ग्रहालयमा जम्मा गरे। Late Mr. E. W. Smith द्वारा Dr. Hultzsch लाई पठाइएको यो ताम्रपत्र मैले सम्पादन गरी प्रकाशित गरेको छु (Kielhorn, 1902/03, Epigraphica Indica Vol-7 page 93)।

यसरी सन् १०२० र १०२६ का दुवै ताम्रपत्रहरू राजा सूर्यादित्यका हुन् भने सन् ११११ को एउटा ताम्रपत्र राजा कीर्तिपालको रहेको छ। लगभग १०० वर्षको अन्तरालमा पाइएका ताम्रपत्रहरू दुई फरक राजवंशहरूका रहेका देखिन्छन्। यी ताम्रपत्रहरूले राजा सूर्यादित्यपछि कीर्तिपालका पूर्वज विक्रमपालदेवले सूर्यवंशी मलयकेतुका वंशजहरूलाई पराजित गरी सावर्णी राजवंशको शासन स्थापना गरेको देखिन्छ। यस दरौँदी गण्डकी देशका सूर्यवंशी राजा सूर्यादित्यको वंश परिचय सन् ८७० को जयादित्य द्वितीयको गुरमह ताम्रपत्र र सूर्यादित्यको बगहा ताम्रपत्रको आधारमा डी.सी. सरकारले यसप्रकार दिएका छन्। दुवै ताम्रपत्रहरू राजा सूर्यादित्यद्वारा जारी गरिएका छन्। जसमा उनले आफुलाई 'परमभट्टारक महाराजधिराज परमेश्वर' भनेका छन्। राजा सूर्यादित्य सूर्यवंशी राजा मलयकेतुद्वारा स्थापित राजवंशमा जन्मिएका हेलबाराहका नाति र हंसराजका छोरा थिए। दुवै दानपत्रहरू मध्ये पहिलो सन् १०२० र दोस्रो सन् १०२६ को रहेको छ। उनले अगाडि यस वंशको वंशवृक्ष पनि दिएका छन्।

मलयकेतु
।
जयादित्य प्रथम(राजा) + योग(रानी)
।
धर्मादित्य(राजा) + चन्द्र(रानी)
।
जयादित्य द्वितीय (विजयपुरबाट जारी गरिएको सन् ८७० को एउटा दानपत्र प्राप्त भएको छ)
।
हेलबाराह
।
हंसराज
।
सूर्यादित्य (दानपत्र सन् १०२० र १०२६ को प्राप्त भएको छ)।
(डी.सी. सरकार, एपिग्राफिका इण्डिका, भोल्युम ३५, सन् १९६६ : पेज १३० र १३१)।

यसप्रकार दरौँदी गण्डकी देशका सूर्यवंशी राजा मलयकेतुदेखि राजा सूर्यादित्यसम्मका सात पुस्ताका वंशावली डी.सी. सरकारले दिएका छन्। राजा सुर्यादित्यपछि कुनै समयमा सावर्णी वंशका राजा विक्रमपालदेवले उत्तरसमुद्रमा सूर्यवंशी राजालाई पराजित गरी आफ्नो आधिपत्य कायम गरेको कुरा सन् ११११ को ताम्रपत्रबाट प्रस्ट हुन्छ।

**दरौँदी गण्डकी देश र राजा कीर्तिपाल**

सन् १०२६ को ताम्रपत्रपछि एकैपल्ट सन् ११११ को यस देशका राजा कीर्तिपालको ताम्रपत्र पाइएको छ। यस ताम्रपत्रमा दिइएको विवरण अनुसार पृथ्वीका गहना समान सावर्णी वंशका राजा भुवनपालका छोरा विक्रमपालदेवले आफ्नो बाहुबलले सौम्यसिन्धु (उत्तरसमुद्र) माथि अधिकार गरे। त्यस उत्तरसमुद्रको उत्तराधिकारी विक्रमपालदेवका छोरा कीर्तिपाल भए। राजा कीर्तिपालदेवले भगवान नारायण (विष्णु) को पुजाको अवसरमा दरद (दरौँदी) गण्डकी देश अन्तर्गतका बियालिसी विषयहरूमध्ये ससोर (सेनकालीन तनहुँको राजधानी सुर) विषय अन्तर्गतका दम्बौली (हालको दमौली) गाउँ र शोथा विषय अन्तर्गतका विकर गाउँ श्रावस्ती विषय अन्तर्गतका दविरामकुल गाउँ अन्तर्गतको भट्ट गाउँका निवासी पण्डित केशवका नाति पण्डित विश्वरूपका छोरा गौतम गोत्रका ब्राह्मण ठक्कुर प्रहसित श्रमणलाई दान दिएको विवरण उल्लेख गरिएको छ। त्यसपछि सन् ११४६ को गोविन्दचन्द्र गाहडवालको गोरखपुर जिल्लाको लार गाउँबाट प्राप्त ताम्रपत्र अनुसार गोविन्दचन्द्रले यस दरदगण्डकी देशको राजाको राजधानीमाथि अधिकार गरी यसलाई कन्नौजमा एकीकृत गरेका थिए। यस सन्दर्भमा विशुद्धानन्द पाठक लेख्दछन्, “सन् ११११ को गोरखपुर जिल्लाबाट प्राप्त ताम्रपत्रमा कीर्तिपाल नाउँको एक अन्य व्यक्तिलाई दरदगण्डकी देशको राजा भनिएको छ। उनका केहि सिक्काहरू समेत प्राप्त पाइएका छन्। तर त्यसबाट न त उनको वंशको विषयमा कुनै जानकारी पाइन्छ न त कुनै अभिलेख नै पाइएको छ। सम्भवतः गोविन्दचन्द्रले सन् ११११ देखि १११४ को बिचमा कुनै बेला उनलाई पराजित गरेका थिए” (पाठक, सन् १९७७, पृ. ३५४)। यसैगरी राव एण्ड राव लेख्दछन्, “यहाँ हाम्रो ध्यान सन ११११ को गोरखपुर जिल्लाबाट प्राप्त कीर्तिपाल नामको शासकको अभिलेखतर्फ आकृष्ट हुन्छ, जसलाई दरदगण्डकी देशको राजा बताइएको छ। कीर्तिपालका केहि सिक्काहरू पनि पाइएका छन्। तर त्यसबाट न त उनको वंशकै बारेमा जानकारी पाइन्छ न त उनको अन्य कुनै अभिलेख नै प्राप्त भएका छन्। अनुमान व्यक्त गरिन्छ कि सन् ११११ देखि १११४ को बिचमा कुनैबेला गोविन्दचन्द्रले कीर्तिपाललाई पराजित गरी आफ्नो राज्यको सीमा गण्डकी नदीसम्म विस्तार गरेका थिए” (राव एण्ड राव, सन् २००३, पृ. ३५७)।

यसप्रकार दरौँदी गण्डकी देशका सूर्यवंशी राजा सूर्यादित्यबाट सावर्णी वंशका भुवनपालले सत्ता प्रप्त गरेपछि उनका उनका छोरा विक्रमपालले त्यसदेशको पहाडी भूभाग उत्तरसमुद्र (हालको पोखरा) शहरमाथि अधिकार गरी पहाडी क्षेत्रमा आफ्नो प्रभाव विस्तार गरेका थिए। तर उनका छोरा कीर्तिपालको समयमा गोविन्दचन्द्रले त्यस देशको राजधानी शहर पञ्चा नदी किनारको पञ्चावत देश विषयलाई जितेपछि यिनीहरू पहाडतर्फ लागेर प्राचीन दरद जातिहरूसित मिसिएर नयाँ मिश्रित पहाडी जातिहरूमा रूपान्तरित भएको पाइन्छ।

**निष्कर्ष**

महाभारत लगायतका पौराणिक ग्रन्थहरूमा वर्णित प्राचीन दरद जाति र दरद देशलाई भारतको पश्चिमोत्तर भागमा देखाउन खोजिएपनि महाभारत लगायतका पुराणहरुमा दिइएको यसको भौगोलिक अवस्थिति अनुसार हस्तिनापुरदेखि पुर्वोत्तर भागमा पर्ने नेपालको दरद (मगर भाषा अनुसार हालको दरौँदी) नदीको क्षेत्रमा विकसित दरद सभ्यताको दरद देश रहेको देखिन्छ। जसको प्राचीन अवशेष मुस्ताङ क्षेत्रमा पाइन्छ। प्राचीनकालको विकसित दरद देश कालान्तरमा वागमती सभ्यता र खस सभ्यताको चपेटामा पर्न गई आफ्नो स्वतन्त्र अस्तित्व कायम राख्न सकेन्। तर प्राचीन पर्वतीय लडाकु जातिको रूपमा परिचित यी दरदहरूलाई नवौँ दशौँ शताब्दीतिर यस भेगमा अस्तित्वमा आएका क्रमशः सूर्यवंशी र सावर्णीवंशी राजाहरूले उपेक्षा गर्न सकेन। त्यसैले राजा मलयकेतुद्वारा स्थापित यस देशको नाम दरदगण्डकी देश राखियो। यस वंशका राजा जयादित्य द्वितीयको सन् ८७० को ताम्रपत्र गोरखपुरको गुरमहबाट पाइएका छन् भने राजा सूर्यादित्यको दुईवटा ताम्रपत्रहरू चम्पारणको बगहाबाट पाइएका छन्। यस देशका अन्तिम राजा सावर्णी वंशका कीर्तिपालको ताम्रपत्र लखनउ सङ्ग्रहालयमा

रहेको छ । राजा सूर्यादित्य र राजा कीर्तिपालको अभिलेख अनुसार यस देशमा गोरखपुरदेखि चम्पारणसम्म र सौम्यसिन्धु (उत्तरसमुद्र) देखि गंगागण्डकीको संगमसम्म ४२ वटा विषयहरू रहेका थिए । यी विषयहरूका विषयाधिपतिहरूलाई सामन्त भनी उल्लेख गरिएका अभिलेखहरू मंग्वर विषय, गण्डिगुल्म विषय, धवलस्रोतपुर विषय आदि विषयहरूबाट पनि जारी गरिएका पाइन्छन् । यस्तै राजा अरिमल्लदेवको समयको  पञ्चावत देशविषयका विषयाधिपति श्रीधरसिंहलाई राणक भनिएको छ । “श्रीअरिमल्लदेवस्य विजयराज्ये श्रीपञ्चावतदेशीयविषयाधिपतिराणक श्रीश्रीधरसिंहवर्तमाने” (बज्राचार्य, सन् २०१०, पृ. ६५) । पञ्चानदीको किनारमा रहेको यस विषयलाई देशीय विषय भनिएको र त्यहाँका विषयाधिपतिलाई राजा अरिमल्लको समयमा पनि राणक भनिएको साथै त्यहाँका भौतिक संरचनाहरूका अवशेषहरूलाई हेर्दा वर्तमानको पञ्चा नदीको किनारमा रहेको वाल्मीकि आश्रम त्यसबेला यस दरौंदी गण्डकी देशको राजधानी शहर रहेको हुनसक्ने प्रबल सम्भावना देखिन्छ । त्यसैले अन्य सबै विषयका विषयाधिपतिहरूलाई सामन्त पद दिइएपनि यस राजधानी विषयका विषयाधिपतिलाई राणक पद दिइएको देखिन्छ । जुन परम्परा नेपालका अरिमल्लदेवले पनि अपनाएको पाइन्छ । यसप्रकार पञ्चा नदी किनारको पञ्चावत (हालको वाल्मीकि आश्रम) लाई राजधानी कायम गरी राज्य गरिरहेका दरौँदीगण्डकी देशका राजाहरूका भौगोलिक क्षेत्रमाथि पश्चिमबाट कन्नौजका गाहडवालवंशको र पूर्वको सिमरौनगढबाट कर्णाटवंशको आक्रमण हुन थालेपछि यिनीहरूको अवस्था दिनानुदिन कमजोर हुँदै गयो र अन्तमा सन् ११११ देखि १११४ को बिचमा गोविन्दचन्द्र गाहडवालले यसको राजधानीमाथि आफ्नो आधिपत्य कायम गरेपछि यिनीहरू पहाडतर्फ पलायन गरे । बङ्गालका सेनहरू र सिमरौनगढका कर्णाटहरूको पतन भएपछि यस क्षेत्रमा सेनवंशको आधिपत्य कायम भएको थियो ।

यसप्रकार प्राचीनकालदेखि यस दरदगण्डकी सभ्यताका पर्वतीय लडाकु जातिका रूपमा परिचित दरद (दुरा) जातिहरूले आफ्नो गौरवमय इतिहास कायम गर्दै आएकोमा पूर्वमध्यकालमा स्थापित दरौँदीगण्डकी देशले यसको गरिमा बढाउने केहि प्रयास गरेको देखिन्छ । तर पूर्व, पश्चिम र दक्षिणबाट नेपाल प्रवेश गरेका विभिन्न जातजातिहरूसित मिसिएर प्राचीन दरदहरू हालको अल्पसंख्यक दुरा जातिको रूपमा लमजुङको दुरा डाँडामा आफ्नो पहिचानका लागि संघर्षरत देखिन्छन् । ऐतिहासिक स्रोतहरूमा दरद भाषालाई पैशाची भाषा भनी अनार्य भाषाको रूपमा उल्लेख गरिएपनि हाल नेपालमा दरद (दुरा) हरूको दरद (दुरा) भाषा लोपान्मुख अवस्थामा रहेको छ । अतः नेपाल सरकारले यस दरद (दरौँदी) गण्डकी सभ्यताको इतिहासलाई उजागर गरेमा यस गण्डकी भेगमा बसोबास गर्ने मंगोलियन मूलका मानिसहरू र खसहरू बिचको मूलबासीको विवादलाई समाधान गर्न ठूलो टेवा पुग्ने देखिन्छ ।

## सन्दर्भसूची


चौधरी, राधाकृष्ण(सन२०१०), *मिथिलाक इतिहास,* श्रुति प्रकाशन ।

राव, राजवन्त र राव, प्रदीपकुमार (२००३), *गुप्तोत्तरयुगीन भारतका इतिहास (५५०ई.-१२००ई.),* मोतिलाल बनारसीदास ।

नेपाल, ज्ञानमणि (१९९८ ई.), *नेपालको पुर्व-मध्यकालको इतिहास,* नेपाल र एशियाली अनुसन्धान केन्द्र ।

बज्राचार्य, धनबज्र (२०१०), *गोपालराज वंशावलीको ऐतिहासिक विवेचना,* नेपाल र एशियाली अनुसन्धान केन्द्र ।

पन्त, महेशराज (सन् २०२१ जुलाई ०६), *“कालीगण्डकीले हजारौं वर्षदेखि सभ्यता बचाएको छ”* अनलाइन खबर डटकम ।

सरकार, डी.सी.(१९६६), *एपिग्राफिका इण्डिका,* भोल्युम ३५, भारत सरकार ।

कीलहा‘र्न (१९८१), *एपिग्रफिका इण्डिका,* भोल्युम ७, भारत सरकार ।


सिंह, रघुनाथ (१९६९), *कल्हणकृत राजतरंगिणी,* हिन्दी प्रचारक संस्थान ।

शर्मा, रामचन्द्र (१९१७), *महर्षि-कृष्णद्वैपायन-वेदव्यासरचित महाभारत,* सनातन धर्म प्रेस ।

पाठक, विशुद्धानन्द (१९७७), *उत्तर भारतका राजनीतिक इतिहास,* उत्तर प्रदेश शासन लखनउ ।

अधिकारी, बमबहादुर (२०१३), *“नेपालको इतिहासमा लमजुङ राज्य”, हिसान जर्नल,* भोल्युम १ पेज ७१-७६ ।
गोयन्दका, जयदयाल (२००२), *पद्मपुराण,* गीताप्रेस ।
वेदव्यास, *पद्मपुराणः* संस्कृत पुस्तकालय डटकम ।
पोद्दार, हनुमानप्रसाद (२०१८), *बामनपुराण,* गीताप्रेस ।
पोद्दार, हनुमानप्रसाद (२०१८), *हरिवंश पुराण,* गीताप्रेस ।
*बगहा ताम्रपत्र* ः विकिपिडिया डटकम ।
घिमिरे, मुक्तिनाथ (१९८५), *“दुरा जातिको चिनारी” प्राचीन नेपाल,* अंक *८६-८८,* श्री ५ को सरकार पुरातत्व विभाग ।
दुरा यामबहादुर (सन् २०१४ अप्रिल ९), *“दुरा जातिको संक्षिप्त परिचय”*, दुराका कुरा ब्लगपोस्ट डटकम ।
मसाल, के.बि. (सन् २०२४ जुलाई ३१), *“दुराडाँडा, पर्यटन, हलोक्रान्ति र तुर्लुङकोट”,* अन्तरङ्ग न्यूज डटकम ।
संगीत, किसान (सन् २०२५ नोभेम्बर ०४), “दुराहरूले बिर्सिंदै गएको एउटा मौलिक र रोचक परम्परा सियो र जिम्ती”, ढोरपाटन न्यूज डटकम ।
*प्रज्ञा नेपाली बृहत शब्दकोष* ः नेपाल प्रज्ञाप्रतिष्ठान शब्दकोष एप ।
शास्त्री, रामतेज (१९६०), *श्री कल्हण महाकविविरचिता राजतरंगिणी,* पण्डित पुस्तकालय काशी ।

**परिशिष्ट क**





**साभारः– एपिग्रपिफका इण्डिका भोल्युम ३५**

डी.स. सरकारले पढेर रोमन लिपिमा प्रकाशित गरेका अभिलेखको केही अंश देवनागरीमा लेख्ने प्रयास गरेको छु। "सिद्धम ओम स्वस्ति। सुर्यान्वये प्रकट-विक्रम-भूमिरासित भूपाल मौलिर इह भूपतिरादिभूतः लिलालयो मलयकेतुर अतुल्य धर्म सर्वयाद्भुतैकवासातिरज्जागति प्रसिद्धः तदवंशानुजाः कर्म परम्पराया प्रतापि भूपो बभुवभि दान जलप्रवाह हेलबाराह इह सहस बस भूमिर्यात कीर्त्तयस त्रिभुवनानि पवित्रयन्ति धैर्यम् कार्य विधासु यस्य विलासिता सौन्दर्यम निदृश्यम् गाम्भीर्यम् नयवर्तम गुप्तिसु गीरमौदर्यम् आर्योचितम् त्यागो यस्य च मार्गानेशु विनयो विद्वास्तु कीर्तिरिद्धिसम यस्याम् चरितार्थतम् उपागतः सर्वो गणाणः हेला निर्ज्जिता वैरी कुञ्जरा घटाः सौतिर्याब्दधाराह सद्गुणयोदधि बुद्धिमामताना भवः श्री रत्न लब्धोदयः क्रिडानिर्भरा भव्या वरा रमणी लिलाविलासालयोभुपः किञ्चः रीबिचन्तय यस्य चरितम राज्येपि लज्जान्तयामी भुतो भूमि भुजम् विभूषणमणिः पुत्रो धारित्रिपतिः तस्योद्दानन्दाभुजाप्रतापातारारिः श्रीहंसराजाः क्षितौ ॥ धमना येन धृतम् सदोदितम् इह स्फरम् पुनरममण्डलम यस्यलोकाविधिश्चक्रा सुजनमभोजे विकासाश्रीयम् ॥ नित्नन्दक्रितोत्सवः प्रतिदिनम् प्रौढाप्रतापोदितः सद्वैदगद्यवधौपतिर्भबद्धा जनाः प्रारब्धा गोष्ठिरतः काव्यंभोजरसोपलम्भमधुपो गम्भिरिम अम्भोनिधिःर यस्ययमविमिरातः कालानुकारणे क्षिणोपासाक्तिर जनाः ॥ तिष्ठान्तस्मि निवृतस्य सर्वजगतो दोषा स्पृशा शंकाया पिण्डिभुया सदैव विस्मया भूवस्त्रानयास्मिन गुणः ॥ यस्यासितपरमन्तौ दुषण कणः सर्वस्य निष्कर्मणम् सर्वस्य स्वम् अजिहरत किला यसो दिग्गजोस्थितम् वर्लभम् ॥ सौधनि निष्ठुरातय कुमुदनी गन्धद दुग्धम् रसेण मधुरा ध्वनिभिश्च हंसाज्ञातः कथमचिद् इह

यस्य यस्य समुद्र सम्प्लाविते जगति सितारुचिर मृगांकित ।। सुनुः तस्य नरेन्द्र एषः विजयीचन्द्राणणो भूतले धर्मः सम्प्रति यस्य कीर्त्तिलक्षिता ब्रह्माण्डम आरोहति ।। येन अखण्डामखण्ड धैर्य गुरुणा लब्धाभिषेका क्रियामस्त्रेणैव च विक्रमेण विजिता युद्धाङ्गणे वैरिणाः ।। त्यागेण अस्य न वर्णना विजयते कारणस्य रूपाश्रीयन अनङ्गस्य न श्रृङ्गारेषुजयिणाः । सौर्येणः सिंघिपतेः गम्भिर्येण न सागरस्य विदुषम गोष्ठिषु वाचस्पतेः । लिलाभिर्णा पुरन्दरस्य नृपतेः को नयः प्रकार्शाकर्माः युद्धे कुञ्जरावर्षा एष किं इति श्रुत्यैव नामा द्विषो मग्नाः केचण पद पंकजा तला च्छयः क्षणात निशानः न ऐत चित्रम् इदम तु यस्य चरितम् निस्त्रिमनसाधाराजलेयन मज्जन्ति कियात्यपि क्षितिपतेरमत्ताद्विपणम् घटाः ।।

सः परमभट्टारक माहाराजाधिराज परमेश्वर श्रीमत सौर्यादित्यदेवः कुशली दरदगण्डकी मण्डले बियालिसि विषय अन्तस्पति वनपल्लि ग्रामे समुपगतान अशेष राजपुरुषान माहाराजनी राणक ठक्कुर अमात्य पुरोहित महामहत्तक महासन्धिविग्रहिक महाप्रतिहार महाअक्षपटलिक माहासाधनिक माहापिलुपति माहासेनापति माहाकटकाध्यक्ष दुष्टसाध्यसाधनिक दाण्डिक दण्डपाशिक शौल्किक गौल्मिक गामागामिक दुतसम्प्रेषणिक तलवर्गिक अङ्गरक्षक चाट भाट प्रभृतिन यथास्थान नियुक्तेन राजपदोपजिवी"................ ...पच्चिसौं पंक्तिमा यसरी मिति लेखिएको छ। सम्वत १०७७ चैत्र शुदी १४ शुक्र दिने।

परिशिष्ट ख




**साभारः– एपिग्रफिका इण्डिका भोल्युम ३५**

डी.सी. सरकारले पढेको र रोमन लिपिमा प्रकाशित गरेको यस अभिलेखको सोरहौं पंक्तिमा श्रीमत सौर्यादित्य कुशली। दरदचण्डिका मण्डल प्रस्तिबद्ध द्विचत्वारिमस्तिका विषये भनी लेखिएको छ। ..........तेइसौं चौबिसौ.पंक्तिमा मिति यसरी लेखिएको छ । सम्वत १०८३ चैत्र १३ शशौ

**परिशिष्ट ग (यस परिशिष्टका अभिलेख एपिग्राफिकाइण्डिका भोल्युम ७ सातबाट साभार गरिएका छन्**

एपिग्रफिका इण्डिकाको अंक सातमा प्रकाशित यस अभिलेखलाई किलहा'र्नले पढेर रोमन लिपिमा प्रकाशित गरेको पाइन्छ। मैले देवनागरीमा केही अंश लेख्ने प्रयास गरेको छु।

१. "श्री ॥ श्रीमत कीर्तिपालदेवस्य स्वहस्तोयम् ॥
२. ओम ओम स्वस्ति ॥ जयति सकलाब्दग्रामा निर्मापाकल्पालयः प्रनत जन निकाय ध्व
३. स्तसंसारसल्याह। पाशुपतिरानुरुद्ध अशेष देवाािपालयः प्रियतमाहिमाधिक्तुदमालि
४. कमोद मालयः ॥ आसित समस्त भुवनप्रतिपालनाब्ध समाजना सक्रोपमो भुवनपाल
५. नृपः प्रसिद्धः। यस तिव्रभानु समभप्तश्रीरयस्ति सावर्णीवंश वसुधेश्वरशेखर
६. श्री ॥ तस्य आत्मजो निजभुजार्जित सौम्यसिन्धव राजाधिपत्य विक्रमपाल नामा। य-
७. द विक्रमेण परिपालिता भूमिचक्रमाः न्याक्कबोधितम इव प्रतिभुश्तासासित यस च आगमोक्त-
८. विभुद्धरक्षण विप्र वृन्दसन्तार्पणा अभ्युदया वृद्धि परम्परा वनिर्ज्जित्या सर्वालब्ध रिपु मण्ड-
९. लाणी लेभे सुखम परमाम इन्द्र निभा सभायाम तस्मादाजनिसत्पुत्रः कीर्त्तिपालः प्रतापावन।
१०. सुर्यादिवा मनुर्द्धान्वि मूर्त्तिसृजितामन्मथाः येनोद्दानन्द विडम्वनोद्याता बृहत्कोदानन्दनीर्यााच्छारा-
११. व्रतोद्दानन्दम अखण्डी मण्डलालाम चण्डद्विशम खण्डासाः भुभृण मण्डल मण्डणेन वलिना तक्व-
१२. लाडानन्दासृजा दोरद्दानन्दा द्वाया विक्रम प्रतिभुव प्राप्तम् च राज्यम् निजम् ॥
१३. रामकुल ग्रामे भट्टग्रामाउत्पन्न्या गौतम गोत्राया पण्डिता श्री केशवानप्रा पण्डिता श्रीविश्व-
१४. रूपा पुत्राया ठक्कुरा श्रीप्रहसितासा शर्मणाब्राह्मणाया प्रक्षालिता पदसंयोग आरच्छिता मूर्त्तये सम्पू-
१५. जिता श्रीमद् भगवान नारायणाग्रे फाल्गुणे मासि शुक्लपक्षा द्वितियायां बृहस्पति संक्रान्तौ
१६. सौरी दिने साप्ताशाशत्याधिके एकादशा संवत्सरे श्री दरदगण्डकी देशे सशोरविश प्रतिब-
१७. द्ध दम्बौली ग्रामा शोथाविस प्रतिबद्ध विकर ग्रामा सालकौ स जलौ स स्थलौ स आम्र मधुकौ
१८. स स्वसिसंयुक्तौ स शासनिकृत्या परमभट्टारका महाराजाधिराजा परमेश्वरा पर-
१९. परममाहेश्वरा निजभुजोपार्जित उत्तरसमुद्र आधिपत्य श्रीमद् विक्रमपालदेव चरणनौ-
२०. ध्याता परमभट्टारक माहाराजाधिराज परमेश्वर परममाहेश्वर त्रमाप्त उत्तरस-
२१. मुद्र आधिपत्य श्रीमत कीर्त्तिपालदेवो ददौ। त्वम् धारे सर्व्वभुतम् अतः शान्तिम् प्रायाच्छा मे ॥

**यस अभिलेखको अन्तमा चालिसौं पंक्तिमा मिति लेखिएको छ। सम्वत ११६७ फाल्गुण शुदी २ शशौ।**